CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

# दिव्य उपदेश

अथ गोरक्षनाथस्य कृपयार्जितसद्बलः ।
पृथ्वीनारायणःसम्राड् दिग्जयेषु मतिं व्यधात् ॥

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri



ॐ

# गोर्खा सम्राट् बडा महाराजा श्री ५ पृथ्वीनारायण को

# दिव्य उपदेश

स्वस्ति श्रीगणेशायनमः ॥ ॥ श्रीकालिका सहाः ॥ ॥ श्री ३ सिव गोरषनाथ सहाः ॥ श्री ५ प्रिथिनारायण सहाः ॥ ॥ श्री श्री श्री ५ बुढा महाराजा ले तिन सहर नेपाल र हिंदुपति को राज लिया पछि पछिल्ला पटक नुहाकोट मा पाउ लाग्नु भया मा. गुरु प्रोहित थर घर भैयाद भारादार र आफ्ना ददा. सुरथिसिं राना. सबै का. बुढा पाका छेउ हुकुम भया का कुरा. बुढा मरै भाषा सरै भनि भन्छन्. तिमि हरु सबै छेउ सुनाइ गया को भया तम्रा सन्तान लाई सुनाउला र. तम्रा सन्तान ले हाम्रा सन्तान लाई सुनाउनं र यो राजे थामि पानन्: ॥ उप्रान्तः ॥ हाम्रा मुमा हरु तिन हुन्. हामि तिन पोपि का पाच पांडुवा को अवतार भया का थिजौ. मेरो विवाहा भकुवानपुर मा भया को थियो. डोला सुम्पे का थियन र डोला पनि लैयाउं नेपाल पनि देखि आउ भनि भकुवानपुर गजु र पुग्य पछि दिकवन्दसेन लाई यवटा कुरा को करेउलि लियेर भने एकदन्ता हाति र नवलापि हिरा को हार दिन्छौ भने डोला पनि लै जांला. दिन्न भन्या

CC-0. In Public Domain. Digitization by eGangotri



काढी तरवार सित पनि लै जांला भनि हाक पारि नेपाले राजा ले चिन्नन् र पक्रनन् भनि स्यापु वढि रापति का तिरै-तिर भानु जैसि कुलान्नन्द जैसि अरु थर घर पनि साथै मा थिया. चन्द्रागिरि मा आइ युग्या पछि नेपाल कुन्हो भनि सुध्यायां र त्यो भादगाउ हो त्यो पाटन हो त्यो काठमाडौ हो भनि देपाया र मेरो मनमा यि तिनै सहर को राजा हुन पाया ता हुंदो हो भन्ने यस्तो मन मा परि रहेथ्यो उस्तै वेला मा उ दुवै जैसि ले भने हजुर को मनकान्छ्या अविलाप पुग्ला महाराजा भन्या र मलाई आसर्जे लाग्यो र मेरा पेट का कुरा कसो गरि जानेउ र त्यस्त्व भनेउ र भनि मैले भन्दा जसै नेपाल मा नजर दिनु भये थ्यो उसै वेला मोच मा वाहुलि दिदा मन मा नेपाल को राजा हुन पाया ता हुंदो हो भन्या जस्तो परे छ भनि विन्ति हजुर मा गन्या कै हो भने र यो कुरा पुग्ला भनि मैले भन्दा हजुर ले गौ ब्रह्मान अतित फकीर देउ देवता को मानिता वहुतै राष्नु भया को छ हाम्रा हात मा पनि सरसोति को वरदान छ हजुर लाई नेपाल को राज वस्य हुनै छ भने र थांकोट को ठुलो भन्ज्यान् काटि रात दिन गरि कल्हारि घाट तरि धादिन् उक्लेउ र चेप्या को पावा लिग्लिग्को आड गरि रापे का मेरा तिन विर छन् तिन लाई वोलाहाट को रुका लेपन जैसि भन्दा तिन को नाउ के के हो भनि सुध्याया र रणजित् वस्न्यात मानसिं रोकाहा विरभद्र पाठक मैधि मा

CC-0. In Public Domain. Digitization by eGangotri



रात दिन गरि आई पुक भनि लेषि पठाजा र आइ पुगे र तिन छेउ यकान्त गर्‍यां भने दिकवन्दसेन सित हाक दिइ आजा नेपाल पनि देषि आजा हान्ना को मनसुवा पनि राषि आजा तिमि हरु क्या भन्छौ भनि मैले भन्दा हान्नु हवस् महाराजा भने र सल्लाह दिया र मैले भने म जसै आर्का को छात्रभङ्ग गर्न म जान्छु मेरो छात्रभङ्ग गर्न अर्को आयो भन्या कसो होला भनि मैले भन्दा हजुर्का हाति हउवाई वाइस् चौविसि आयो भन्या चेप्या मा रगत को नदि वहाउंला महाराजा भन्या र यकान्त वाट उठि गोर्षा गर्‍यु र पुगे पछि मामा ज्यू पनि निलकंठ पसुपति को दर्सन लाई देउघाट को वाटो गरि जानु भया को रहे छं निलकंठ पसुपति को दर्सन भया पछि श्रीगोरषनाथ को दर्सन लाई गोरखा मा आउनु भयो र दर्सन भया पछि म सित भेट भयो र मैले भन्या मामा ज्यू मकुवानपुर पनि पुगि आजा नेपाल पनि देषि आजा हान्ना को मनसुवा पनि राषि आजा कति कुरा ले मेरो काज फत्ये होला अर्ति वक्सनु भया हुदी हो भनि मैले भन्दा म लाई पनि पंचरात्रि मा दृष्टान्त भयो हामि ले देषता पाच पांडुवा को अवतार भया जस्तो लाग्द छ कुरुक्षत्र को मेला न भै नेपाल फुटने छैन जमजुन् भन्या को गरुड हो गोर्षा भन्या को सरप हो नेपाल भन्या को भ्यागुतो हो अघि गरुड को आंषा छल्नु तव सर्पले भ्यागुतो खान पाउंछ. मेरा साथ मा चार जात

CC-0. In Public Domain. Digitization by eGangotri



का सिपाहि छन् इन्मा कस्को सवार गन्या चाडो काज फत्य होला भनि सोद्धा के के जात छन् भनि सोधनु भयो र वाहुन पस मगर ठकुरि इन मा कस्को सवार गन्या चाडो काज फत्य होला भनि सोद्धा वाहुन को सवार भन्या को वयेल हो पातक् लाग्छ ठकुरि को सवार भन्या को सिंघ हो पछाडि दगा हुन्छ मग्र को सवार भन्या को टागन घोडा हो ढिलो हुन्छ पस को सवार भन्या को ताजि तुर्कि घोडा हो पस को सवार गन्या चाडो होला भन्या जस्तो लाग्छ भनि अरु ढेरै कुरा को अर्ति दिई जानु भयो-थ्यो उनै अर्ति लियां र लमजुंग्या राजा रिपुमर्दनसाह सित भेट गर्न भनि गंया र चेपे घाट मा भेट भयो र घाहा घरेस को बात गर्दा जौना कुरा ले घाहा वाधुला भन्ने जढ कुरो मेरा पेट मा थियो सोहि जढ कुरो कालुपाडे ले गन्यो र घाहा वलियो वस्यो र मलाई आसर्जे लाग्यो र तर मलाई ता रिझायो दुनियां जस देखि राजि रहन्छन् उसै लाई कजाई दिनु भन्ने सास्त्र मा पनि कहे को छ दुनिया मा वुझि हेरुं भनि वुझि हेर्दा दुनिया वाट पनि कालु पाडे को चाहा रहे छ कालुपाडे लाई कजाई दिनु भया मा हामि दुनियादार मा छाहारि रहदो हो भन्या सल्लाहा दिया र अव वाइसि चौविसि ले क्या भन्छन् भनि वुझ हुदा वाइसि चौविसि वाट पनि कालुपाडे कै चाहा रहे छ र कालुपाडे लाई

CC-0. In Public Domain. Digitization by eGangotri



कजाजि भया घाहा घराईस वलियो रापन्यै छ भन्ने सल्लाह दिया. मेरा मन मा ता विराज वपेति लाई कजाइ दिन आटे को थियो तर ज्याधा वुद्धि कालुपाडे कै ठहन्यो र कालुपाडे लाई कजाजि भया को हो. अव पाडे वस्न्यात को जुग वाधि दिन्छु तेरि छोरि सिवराम वस्न्यात को छोरो केहेसिंह वस्न्यात लाई देउ भनि मागि विहे पनि गरि दिआ र पाडे वस्न्यात को जुग वाधि पाडे को ढ़ाल वस्न्पात को तरवार गरि नेपाल मा चढाइ गन्या को हो ॥ उप्रान्त ॥ रणजित वस्न्यात मानसिंह रोकाहा वीरभद्र पाठक इन लाइ गौटा न्को विदाइ लिग्लिग को आड मा राखि म पनि सल्यान कोट की देवी साछ्यात् छन् भनि भन्छन् म पनि सायेत गरि जान्छु भनि विदा गराया र सायेत गरि म पनि गजा र वारि मा थपुं पन्यो र सल्ल्यानी को थर घर वरा हा उमराउ हरु सित सुधाह्या माइ को दर्सन गर्नु हुन्छ कि भन्दा मित्र दर्सन पुजाहारि टहलुवा लाइ मात्रै भित्र दर्सन गर्नु हुन्छ जो हुकुम् भन्या र ढोका मा ता हुन्छ कि भन्दा ढोका मा ता हुन्छ भन्या र साझ विह्यान ढोका सम्म जाइ पाठ पुजा जप दर्सन गर्थ्यां र एक दिन का रात मा सोपना भयो र दुइ हात मा दुइ पङ्ग लिया कि सात आठ वर्ष की कन्या कुसुमे पछिउरा को घुगुटि पारि म छेउ आइन् र मैले सोध्यायां तिमि कस कि छोरि हौ भनि मैले भन्दा पुजाहारि राना कि

CC-0. In Public Domain. Digitization by eGangotri



छोरि हुँ भनिन् र उ दुवै पड्ग भेरा हात मा दिइन् र आरसि पर्मान को लाल टलबल गर्थ्यों पोकिला वाट झिकी मेरा मुप सम्म मा ल्याइ यो पनि निल भनिन् र तम्रो मन कांछ्या पुन्याई दिया को छ म पनि केहि माग्छु थपि जाउ भनि जसै दुई पाइला गै थिन् उसै वेला मा म पनि विमज्यौ र भानु जैसि कुलानन्द जैसि पुझाहारि राना लाइ डाक्या र सुध्याया जैसि ले पनि पुजाहारि ले पनि ति माई हुन् दर्सन पाउनु भए छ भने र उसै वेला मा धुप दिप ध्वजा नैवेदे नित्य पुजा लाई सात राङ्गा सातै वोका थपि वोर्ला घाट को आम्दानि र घाटै छेउ को टार माई लाई सङ्कल्प गरि दियां र उसै घरि को सायेत गरि रात दिन गरि सरासरि आया र सिमल चौर चौतारा मा थर्पु हालि वस्या को थियां दावा भन्या नुहाकोट को वहना भन्या खिनच्याट को कुलो काटि पेत विराउना को गरि राष्याथ्या वेत्रावति का वेनि इन्द्रायनि का थान मा डुङ्गा तरि जप पाठ लाइ जान्थ्यां ध्यान भन्या सल्ल्यान कोट की देवी को र इन्द्रायनि भैरवी को गर्थ्यां महामण्डल भने को नुहाकोट को सवता रहेछ माहामण्डल मा ग्रांमि राना थियो त हाम्रा घर को ज्यामि हास् माहामण्डल छोडि दे म छेउ आइज भनि पठाजा र हुना ता म हजुरै को हुँ तर जयप्रगासमल्ल को नून खाइ हाल्या मरि मेटन्या छु भनि हांक पारि पठायो र येक दिन कचहरि मा वस्या को थियां तान्रा लागे छर तान्रै मा ता इन्द्रायनि का थान मा वस्पा को रहे छु

CC-0. In Public Domain. Digitization by eGangotri



आज का साता दिन मा ठूलो सायेत छ त्यसै दिन को सायेत ले नुहाकोट साध्ये हुन्या छ भन्या को सुन्या र पात्र हेरन जैसी भन्या र पात्रो हेया र आज का साता दिन विहाउदो सनिश्चर वार ठूलो सायेत रहेछ भनि विन्ति गन्या र उहि सायेत मा माहामण्डल मा उकलेउ र तरवार पन्यो र हाम्रा नुन का सेप ले झुकाई दिने पन्थ·····वान्है वर्ष मा मेरा भाई दलमर्दनसाह ले जेठी तरवार राना को थाप्ना मा हान्यो र नुहाकोट साध्ये गरि बढाई गरेउ र ककनि शिवपुरि मा ठाना हालि मुर्चा लाइ रापथ्यउं म लइ प्रसुराम थापा ले नेपाल हान्न आउ भनि हात दिई राख्या थ्यो आफ्ना भाइ लाइ लाख विषि पुन्याउनु वाइसि चौविसी उठाइ पछडि हान्नु भनि पठाय छ र मैले थाहा पाजा र काहाँ पुक्या को छ भनि सुध्याजा र पोखरा को हटिया मा डेरा गरि वस्या को छ भनि सुन्या र त्यस लाई बैठाइ आउन को सकौला भनि सल्लाह गर्दा कसैले पनि ठहराउन सकेन र मैले भन्या झागल गुरु सकला भनि डाकि अहाई मेरो कम्बर को काता पान् दिजा र पुगि गाइने को भेष गरि हात मा वलछि को टागो लिई कापि मा सारङ्गी च्यापि २।४ धानि को सहर लैगि अरु उसका लस्कर हरु भात पान्या वषत मा औसर हेरि बैठाई आयो र पछडि सुद्ध गरि नेपाल षोल्याई पुरुव पश्चिम का दुनिजा हात गरि नेपाल लियां थ्यां ॥ उप्रान्त ॥ यो राजे दुई दुङ्गा को तरुल

CC-0. In Public Domain. Digitization by eGangotri



जस्तो रहे छ चिन वादसाह सित ठूलो धाहा रापनु दपिन को समुन्द्र का वादसाह सित धाहा ता रापनु तर त्यो महाचतुर छ हिन्दुस्थाना दवाइ रापे छ सरजिमि मा परि रहेछ हिन्दुस्थाना जाग्यो भन्या कठिन पर्ला भनि किल्ला पोजन आउन्या छ सन्धि सरपन हेरि गढि तुल्याई रापनु र रस्ता रस्ता मा भाजा हालि राखनु र यक दिन त्यो बल आउन्या छ जाई कटक न गर्नु भिकि कटक गर्नु र चुरे घाटि मा घुपै काटिन्या छ पाच सात पुस्ता लांई पजना पनि मिलने छ श्रीगङ्गाजि को साध पनि लाग्नै छ लडाइं मा पुकेन भन्या लोलो पोतो अनेक कल छल गरि कन पनि यो नेपाल को तखत किल्ला हो यो किल्ला पायो भन्या चारै वादसाइ लाई वह्ला लाउनै छ ईस्वर ले रचना गऱ्या को किल्ला रहे छ स्वधनु पर्ने रहेन छ सिवपुरि १ फुल्चोकी २ चन्दागिरि ३ महादेउ पोषरि ४ पालु ५ दाप्चा ६ काहुल्या ७ यिन मा पनि किल्ला पकी बनाउनु किल्ला पिछे तोप लमछट गरि रापि दिनु र जत्ति भन्ज्याङ् छन् भज्या पिछे यक यक फलामे ढोका बनाई ढोका पिछे यक यक तोप लमछट गरि रापि दिनु र पपाच सिपाहि रापि दिनु र यस्व भया पछि चेवा गर्न्या चर्चा गर्न्या भागन्या नास्न्या ढुकुवा फसादि पुनि यस्ता हरु को पनि केहि चल्ने छैन चारै वादसाहि चढाई गरि आयो भन्या पनि कसै को केहि चलन्य रहेन छ ॥ उप्रान्त ॥ राजा रामसाह ले वांध्या को स्थिति पनि हेरि सकें राजा जये थितिमल ले वांध्या को

CC-0. In Public Domain. Digitization by eGangotri



स्थिति पनि हेरि सकें राजा महिन्द्रमल्ल ले वांध्या को स्थिति पनि हेरि सकें ईस्वर ले दियो भन्या म पनि यस्ता वन्देज को वाह हजार को स्थिति वांधि जांला भन्या अविलाषा थियो पुरुव पश्चिम को रस्ता वन्द गरि नेपाल को रस्ता चलाई दिउला आफ्ना आफ्ना जात विषेष को कर्म गर्नु भन्ने भन्देज गरि जांला यो तिन सहर भन्या को चिस्व ढुङ्गो रहे छ पेल पाल मात्रै ठूलो रहे छ कूप को पानि पान्या छेउ बुधि पनि हुँदैन सुरो पनि हुदैन पेल पाल मात्रै रहे छ मेरो मनसुवा ता दहचोक दरवार वनाउंला र चारै दिसा थर घर को गुरु प्रोहित भैयाद भारादार मिर उमराउ को घर वनाई छुट्टा दरवार बनाउला र यि तिन सहर मा ता दरवार वाट स्वष सयल लाई मात्रै जांला भन्या यस्तो अविलाष थियो ॥ उप्रान्त ॥ देश को महाजन लाई गोढ प्रसाह देषि उंभो आउन न दिनु देस का माहाजन हरु हाम्रा मुलुक मा आया भन्या दुनिया कङ्गाल गरि छाड़दछन् हामि ले च्यागा पाँगा लाइ तिन सहर नेपाल र नौलाख किरायत र हिन्दुपति को राज आर्ज्य थ्येउ देस का कपड़ा लगाउना लाइ मन्हा गरि दिनु आफ्ना देस का कपड़ा वन्न ज्यान्न्या लाई नमना देषाई सधाउनु र वन्न लाउनु र यस्व भया नगद विदेश जादैन आफ्ना देस को जिनिस जरि वुटि देस लै जानु र नगद वैचनु नगद वैचि राषनु र प्रजा मोटा भया दरवार वलियो रहन्छ राजा का भण्डार भन्या का रैतान हरु हुन्

CC-0. In Public Domain. Digitization by eGangotri



मुलुक मा इजारा पनि न दिनु सरपार वाट अमानित रापि सरपारिया तहसिल रापि साल व साल को कचा लिनु क्या चुनि सिपाइ भया क्या भैभारादार भया इन लाई दवलथ कमाउन न दिनु आदमि हेरि हुर्मत मात्रै रापि दिनु किन भनौला दवलथ भया का ले तरवार मा पसि मर्न मार्न सक्तैनन् र हरिप को चमक हुन्छ सिपाहि भै भारादार ले स्वप गरेनन् भन्या चारै पुट मा मेरो तरवार वजन्यै छ स्वप मा पस्यो भन्या मेरा साना दुप ले आर्ज्या को मुलुक होइन सवै जात को फुलवारि हो सवै लाई चेतना भया यो फुल-वारि को छोटा वडा चारै जात छत्तिसै वर्न ले यो असिल हिन्दुस्थाना हो आफ्ना कुलाधर्म न छोडनु ष्वामिन को नुन को उधार गर्नु कालु कवर्दार का सन्तान लाई कवर्दारि न छुटाउनु दपिन को घाहा सिवराम वस्न्यात का सन्तान लाई न छुटाउनु भोट को घाहा कालुपाडे का सन्तान लाई न छुटाउनु पांडे वस्न्यात पन्थ भैयाद मग्र लाई मारातप दिदा आलो पालो गरि पान दिनु यि मेरा नुन गुन का स्वझा सेवक हुन् यिनि हरु को जिव जान्या विराम गन्या को भया पनि आफुले न मार्नु वरु मारातव दियेर लडाजि मा झोसि दिनु र जिव जोगाई आयो भन्या वढिया भयो मरि गयो भन्या आफुले न मार्नु अर्कै वाट मारि दिया को वढिया हुन्छ. तव राजा ले सेवक लाई घर मा न मार्नु तव राजा ले ठुलो निजा निसाफ हेर्नु अन्याय मुलुक .

CC-0. In Public Domain. Digitization by eGangotri



मा हुन न दिनु निया निसाप् विगान्यां भन्या को घुस दिन्या र घुस पान्या इन दुइ को ता धन जीव गरि लिया को पनि पाप छैन. इ राजा का महास-तुर हुन् ॥ उप्रान्त ॥ जड कुरो राजा लाई चाहिन्या सिपाहि हरु को घर पेत मिलाइ दिनु र मल जल गर्छन् र दुवौ वोटि भित्र हाल्न पाउँछन् र कविला को निर्फिक्री हुन्छ. ढोका मा भया पनि गौंडा मा भया पनि सिपाहि हरु को छाति वलियो रहन्छ. पजनि गर्दा मा पनि सये नाल का कम्पनि जमाउनु र सये नाल का सुवे-दार चार पाच लड़ाइ मा जस पाई आया का यस्ता आफु लै जांचि सुवेदारि हाल्नु सुवेदार ले पनि सात पगरि दुइ चार वाढ़ पाया का यस्ता सात पगरि हाल्नु सात पगरि ले स्वह हुदा हाल्दा आफु सित मर्ने मान्यें जांचि १६ हुदा हालनु १६ हुदा ले पनि आफु सित मर्ने मान्यें जांची सिपाहि हालि आफ्ना पट्टि भर्ना गर्नु पट्टि पट्टि मा सिपाहि पनि पस मगर गुरुं ठकुरि यिनै चार जात मात्रै षिचोला गरि हाल्नु र तरवार पर्दा साहो हुन्छ लुहा च्यापन्या पनि यिनै चार जात मात्रै हुन् र तरवार पर्दा साहो हुन्छ र. वैरि त क्या इन्द्र को आसन पनि डगाउंछ हजारों धना हजारों पथर-काला हजारों पुडा हजारों तोप मा भया इन्द्र को आसन पनि डगाउंछ लड़ाइं मा पनि हान्या र सख दिन्या यि दुवै वरोवर हुन् जागिर दिदा पितल दिंदा दुवै लाई वरोवर

CC-0. In Public Domain. Digitization by eGangotri



दिनु मन्यो भन्या उसका छोरा पुड़ा हान्या न हुन्ज्याल मरवट दिनु पुड़ा हान्या भया पछि जागिर मा उकालि दिनु र राजा ले विवेक राषि दिया देस देस का सिपाहि पनि आसा राषि आउछन् र यस्त्र भया तरवारिया सिपाहि हात लग्छन् राजा का सार भन्या को सिपाहि र रैति हरू हुन् राजा चतुर भया सिपाहि र रैति हात हात गरि रापनु र हुल कुल हुन पाउदैन सिपाहि भन्या को तिपारि रापनु तिपारि राखे का सिपाही कसै का मलाजा मा पस्तैनन् र आफ्नो काज फत्य हुन्छ. गुरुं मगर पान ज्यादा भैयाद भारादार मिर उमराउ थर घर पुराना पुराना जांचि घुड़ा गौंडा मा रापनु पूर्व पछिम का पसवाहुन लाई दरवार मा पैठ हुन न दिनु क्यान भनौला वाहिडा मान्छ्याले दरवार मा वेथिति गराउँ छन् राजा को हुकुम जफत गरि रापनु मैले तिन थुम का वहहा उमराउ लाई इन्द्रवज्र तुलाइ राष्याँ थ्याँ नगरा निसान पनि दि राष्याँ थ्याँ वाह विस को गाठो वानि दिया को थियो र सल्यानि लिग्लिग् धादिं का मुहुडा मा जाहा जाहा काज गथ्र्यो फत्य गथ्र्यो र यो अैस्वर्ज्य गन्या को हो आफ्ना घर का पुराना सेवक जाँची हजुर मा हरोदम राषि दरोवस्त वांधि घर वलियो रापनु यस्त्र भया दरवार वलियो रहन्छ राजा को चतुराई भय सिपाहि रैति हात गरि रापनु कसै का मोलाजा पछि गुण पछि लाग्नु न दिनुनुन पछि लाउनु ॥ उप्रान्त ॥ टकसारि पनि चोपो चलाउनु अदालथ मा पनि ठकुरि

CC-0. In Public Domain. Digitization by eGangotri



जांचि दिट्ठा रापनु मगर जांचि विचारि थाप्नु कचहरि पित्त यक यक पण्डित रापि निजा सास्त्र वमोजिम अदालत चलाउनु अदालत का पैसा दरवार भित्र न हाल्नु फकिर फकिड़ा अतित जोगि सन्यासि ब्राह्मण हरु इनै लाई दक्षिना भोर्जन चलाई दिनु उप्रे का पैसा दक्षिना चलाई धोति रुमाल चलाई दिनु यस्त भया असत्य को दोस लाग्दैन पानि भया का ठाउँ मा गाउँ भया पनि गाउँ अरु जग्गा मा सारि कन पनि पानि चलाउनु गहो वन्न्या जग्गा मा घर भया पनि घर अरु जग्गा मा सारि कुलो काटि पेत बनाई अवाद गर्नु ॥ उप्रान्त ॥ केहि वेला मा हात दिना मा पस्या र मलाई झिकाया र पछाड़ि दगा दिया र महादुप गरि पछड़ि सुद्ध गरि नेपाल लाई मुर्चा लाजा थ्या जयप्रकासमल्ल का मतलव लाई दपिन वाट नागा झिकाया र नेपाल भित्र पस्न न दिई सात गाउँ भित्रै मो भिजाजा कासमेरि पान नवाफ मकुवानपुर मा चढ्यो र छअविस षोडा ले काटि घरकाई सिवाना कटाई आजा तिन चार पल्टन लियेर सिधुलि गढि मा होडिसाहेव चढ्यो र वाहीं पनि काटि पथर काला च्यापि ल्यायां र लषनै वाट तिन मुसलमा मेरो चाकरि लाई नुवाकोट मा पिछा परि आया का थिया यिनै वन्दुक को तुल कलायेत तिनै मुसरमानले जान्या का रहे छन् र सेपजवर ममतकि भेषासि तिनै जना लाई अजिटनी दिया र तिलङ्गा सधाया को हो नेपाल को किताप हेर्दा तुरकाना मंग्रात मुगलाना

CC-0. In Public Domain. Digitization by eGangotri



सिकन जादा थाहा पाई कैद गन्यो भन्या आफनु मुलुक को गुह्य कसै लाई न भन्नु मारे मर्नु आफना रुढ़ि वुढ़ि वुढ़ा पाका कुलले गन्या का राखे का धर्म न गुमाई चोखो काम हरु सिकि ल्याउन्या गर्नु ।

अर्को थिति. भ्याली पिटाई दिन्या छु. राज्य भर मा आधा दिन देखि कसै ले भोको न वस्नु. मैले तिमि हरु को भात खाया को खवर ली आफु खान वस्दा पेट मा वतास भरीई मुख वाट अमिलो पानी आउन्या अजीर्ण को व्यथा भयो. त्यसो भये का ले राज्य भर वेहान ९।१० घडि दिन मित्रै सवै ले भात खान्या गर्नु. वेलुका ८ घडि देखि १० घडि भित्रै खाई सकनु. १० घडि वाट १ निमेष ना ग्योकि घण्टा वजाई दिन्या गर्नु. कोही ले न मान्या सजाय गर्नु. प्रजा भौकै भयेछ भन्या त्यस दिन को पाप को डंड टोल को थकाली मान्या हरुले भोगन्या छन्.

( इत्यादि अपूर्ण. नेपाल वाणेश्वरवासि काजी अमरसिंह वंशधर श्याम वहादुर थापा वाट प्राप्त )

( यथालब्ध प्रकाशित )

( नेपाल काष्ठमण्डप

केलटोल, कर्मवीर महामण्डल )

सम्पादक—

नरहरिनाथ योगी

मूल्य

२००६ ।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

# कर्मवीर महामण्डल को आह्वान

जस्तै विश्वविधाता को विधान ले विश्व लाई सुव्यवस्थित राखन सकदछ, तेस्तै राष्ट्रनिर्माता को नीति ले राष्ट्र लाई सुव्यवस्थित राखन सकदछ। यस विशाल राष्ट्र का विधाता श्री ५ पृथ्वीनारायण को पद्धति मा जैले देखी कर्मवीर हरु ले पदार्पण गर्न छोडि दिये, तब देखी सबै लाई दुःख हुदै आयो। कैयो कारण बाट आज काल त्यो दुःख दिन प्रतिदिन बढदै गै रहे काले जनता को कोलाहल सुनेर घेरै दिन देखी विश्राम गरि रहे को उही पुरानु श्री ५ पृथ्वीनारायण को सिद्धहस्त ( सर्वकार्य कुशल ) कर्मवीर महामण्डल शान्ति को लागी विवेक पूर्वक उही श्री ५ पृथ्वीनारायण को पद्धति ( बाटो ) र उपदेश एवं राम साह जयस्थितिमल्ल महेन्द्रमल्ल आदि आदर्श पुरुष हरु का स्थिति अनुसार कर्मक्षेत्र मा बलि रहे छ, देश का बन्धु, तपाही हरु प्रति स्वच्छ हृदय ले आफनु पूर्वज हरु को पदचिह्न लियेर यस कर्मक्षेत्र मा पाल्नु होस्।

केलटोल,
नेपाल

मुद्रक—रामनिधि त्रिपाठी, शिवराम प्रेस, मध्यमेश्वर, काशी।